JETIR.ORG ISSN: 2349-5162 | ESTD Year : 2014 | Monthly Issue
JOURNAL OF EMERGING TECHNOLOGIES AND INNOVATIVE RESEARCH (JETIR)
An International Scholarly Open Access, Peer-reviewed, Refereed Journal

# रामलाल अधिकारीका निबन्धमा पाइने नेपाली लोकविश्वासका प्रकारगत अध्ययन

**-महेश छेत्री**

Email-maheshchettri2018@gmail.com

**शोधार्थी**

**नेपाली विभाग**

**उत्तर बङ्ग विश्वविद्यालय**

**सार:** यस लेखमा निबन्धकार रामलाल अधिकारीका निबन्धमा पाइने नेपाली लोकविश्वासका प्रकारहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ। नेपाली लोकसमुदायले लौकिक र अलौकिक विषयवस्तुप्रति विश्वास गर्दै आएका छन्। नेपाली लोकजीवनमा देवी-देवता, भूत-प्रेत, बोक्सी, राक्षस, ग्रह-नक्षत्र, तन्त्र-मन्त्र, पशु-पक्षी आदिप्रति विश्वास रहेको पाइन्छ। लोकविश्वासमा लोकका विश्वासमात्र नभएर लोकका संस्कार, रीतिथिति र मूल्य-मान्यता पनि समाहित भएका हुन्छन्। लोकविश्वास लोकका परम्परागत आस्था र धर्मसित पनि सम्बन्धित रहेका हुन्छन्। कुनै पनि क्षेत्रका लोकविश्वासमा लोकाचार र लोकोपचार दुवैको यथोचित छवि पाइन्छ। साहित्यमा विविध प्रकारका लोकविश्वासको कलात्मक प्रस्तुति पाइन्छ। यसैले कुनै पनि क्षेत्रका लोकविश्वासको यथार्थ दर्पण साहित्यले प्रस्तुत गरेको हुन्छ। नेपाली लोकविश्वासका यथार्थ स्वरूप साहित्यमा प्रतिध्वनित भएको देखिन्छ। नेपाली समाजमा प्रचलित तिनै लोकविश्वासका विविध प्रकारहरू रामलाल अधिकारीका निबन्धमा के कसरी अभिव्यक्त भएका छन् भन्ने कुरा यस लेखमा केलाउने प्रयास गरिएको छ।

**बीज शब्द-** लोकविश्वास, लोकसमुदाय, देवी-देवता, ईश्वर, बोक्सी, धामी, झाँक्री।

## विषय प्रवेश तथा शोधविधि-

विश्वका विभिन्न जात-जाति तथा लोकसमुदायमा विविध परकारका लोकविश्वास पाइन्छन्। नेपाली लोकसमुदायमा पनि विविध प्रकारका लोकविश्वास प्रचलित छन्। नेपाली लोकसमुदायले परापूर्वकालदेखि लौकिक अलौकिक विषय वस्तुप्रति विश्वास गर्दै आएका छन्। नेपाली लोकसमुदायमा प्रचलित लोकविश्वास नेपाली लोकसंस्कृति, लोकसंस्कार तथा रीतिरिवाज आदिसित सम्बन्धित रहेको हुन्छ। नेपाली लोकविश्वासका विविध प्रकारहरू नेपाली साहित्यमा प्रतिध्वनित भएका देखिन्छन्। निबन्धकार रामलाल अधिकारीका निबन्धमा पनि विविध प्रकारका लोकविश्वास पाइन्छन्। यसर्थ यस लेखमा आवश्यकता अनुसार निगमनात्मक, आगमनात्मक र विश्लेषणात्मक विधिद्वारा रामलाल अधिकारीका निबन्धमा पाइने लोकविश्वासका प्रकारहरूको अध्ययन अनुसन्धान गरिएको छ।

## १.लोकविश्वास र नेपाली लोकसमुदाय

लोकविश्वास 'लोक' र 'विश्वास' शब्दको योगबाट बनेको देखिन्छ। सामान्य अर्थमा 'लोक' भन्नाले एउटा निश्चित भूभागमा बस्ने मानिसहरू बुझिन्छ। संस्कृत व्याकरणअनुसार 'लोकृ दर्शने' धातुमा घञ् प्रत्यय लाग्दा(लोक् + घञ्(अ)=लोक) हुन जान्छ। जसको अर्थ देख्नु वा हेर्नु भन्ने हुन्छ। पौराणिक मान्यताअनुसार १४ भुवनमध्ये उँभो ७ लोक-भूर्लोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपोलोक, सत्यलोक र उँधोका लोकहरूमा अतल, वितल, सुतल, तलातल, रसातल, महातल र पातल गरी ७ लोकसमेत कुल १४ लोकको वर्णन गरिएको छ। यस्तै ग्रहमण्डलको नामसँग जोडिएका-सूर्यलोक, चन्द्रलोक, ध्रुवलोक र देवताहरूको नामसँग जोडिएका लोकहरूमा शिवलोक, ब्रह्मलोक, विष्णुलोकजस्ता लोकहरूको वर्णन पाइन्छ।[1] यसरी हेर्दा 'लोक' भन्नाले कुनै व्यक्ति, स्थान वा समुदाय भन्ने बुझिन्छ। **नेपाली बृहत शब्दकोश**-ले 'विश्वास'-लाई कुनै काम, कुरो, व्यक्ति, मत, नीति आदिप्रति हुने सत्यताको धारणा, दृढ आस्था, पत्यार[2] भनेर परिभाषित गरेको देखिन्छ। यसरी समग्रमा लोकविश्वास भन्नाले कुनै व्यक्ति, कुनै स्थान वा कुनै समुदायद्वारा कुनै विषय वा वस्तुप्रति गरिएको पत्यार वा दृढ आस्था भन्ने बुझिन्छ। लोकले प्राचीनकालदेखि कुनै लौकिक, अलौकिक विषय, वस्तु, स्थान र शक्तिप्रति विश्वास गर्दै आएका छन्। लोकविश्वास कुनै पनि देशका लोकसमुदायमा प्रचलित र त्यस देशका लोकसमुदायद्वारा गरिने परम्परागत विश्वाससित सम्बन्धित हुन्छ। हंसपुरे सुवेदीले लोकविश्वासलाई आफ्नो समाजमा परम्परादेखि पत्यार गर्दै, मानिँदै आइएको चालचलन, रीतिरिवाज वा कामकुरो आदिप्रति हुने दृढआस्था एवं पत्यार हो[3]-भनेर लेखेका छन्। लोकले प्राचीन वैदिककालदेखि नै ब्राह्मण्ड, पहाड-पर्वत, खोला-नाला जस्ता प्राकृतिक वस्तु, पशुपक्षी, सजीव र निर्जीव वस्तु, दृश्य र अदृश्य विषय वस्तु र शक्ति अनि भूत-प्रेत, धामी-झाँक्री, बोक्सी, शकुन-अपशकुन र सपना प्रति विश्वास गर्दै आएका छन्। यसैले चूडामणि बन्धुले **नेपाली लोकसाहित्य**-नामक पुस्तकमा लोकविश्वासअन्तर्गत विश्वब्रह्माण्ड, प्रकृति, पशुपक्षी, रूखपात, दिन, महिना, स्वप्न, सकुन आदि बारेका लोकप्रचलित विश्वासहरू र भूत, प्रेत, डाकिनी, बोक्सी, जादू, धामी, झाँक्री आदि जनविश्वास एवम् तीसँग सम्बन्धित लोकव्यवहारहरू पर्दछन्[4]-भनेर चर्चा गरेका छन्। कुनै पनि क्षेत्रका मानिसमा लोकविश्वास परम्परागत तथा आत्मसंस्कारका रूपमा रहेको हुन्छ। यसर्थ कुनै पनि क्षेत्रका लोक वा लोकसमुदायले परम्परागत रूपमा कुनै दृश्य-अदृश्य, लौकिक-अलौकिक विषय, वस्तु, व्यक्ति, शक्ति र स्थान प्रति गर्ने विश्वास तथा कुनै स्थानका लोकसमुदायमा प्रचलित परम्परागत विश्वास नै लोकविश्वास हुन्। लोकविश्वासलाई लोकवार्ता तथा लोकसंस्कृतिको एक अभिन्न अङ्गका रूपमा मानिन्छ। चार्लट सोफिया बर्नले मानवसमाजमा पाइने लोकविश्वासलाई दशवटा प्रकारमा वर्गीकरण गरेकी छन्-

१.आकाश तथा पृथ्वीसित सम्बन्धित विश्वास।

२.वनस्पति जगतसम्बन्धी विश्वास।

३.पशुजगत सम्बन्धी विश्वास।

४.मानवसम्बन्धी विश्वास।

५.मनुष्य निर्मित वस्तुसित सम्बन्धित विश्वास।

[1] मनोहर लामिछाने, वि.सं.२०६७, **लोकसाहित्य र संस्कृतिका केही पाटाहरू**, ललितपुर, साझा प्रकाशन, पृ १

[2] कृष्णप्रसाद पराजुली(सम्पा.), वि.सं.२०४०, **नेपाली बृहत शब्दकोश**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान प्रकाशन, पृ १२३५

[3] हंसपुरे सुवेदी, वि.सं.२०५५, **नेपाली लोकजीवन: लोकविश्वास**, काठमाडौं, साझा प्रकाशन, पृ १९

[4] चूडामणि बन्धु, वि.सं.२०५८, **नेपाली लोकसाहित्य**, काठमाडौं, एकता बुक्स प्रकाशन, पृ १५

६.आत्मा तथा अन्य जीवनसम्बन्धी विश्वास।

७.आधिभौतिक जीवनसम्बन्धी विश्वास।

८.शकुन अनि भविष्यवाणी सम्बन्धी विश्वास।

९.जादुगरी सम्बन्धी विश्वास।

१०.लोकोपचार सम्बन्धी विश्वास।[5]

नेपाली लोकसमुदायले ब्राह्मणडलाई ईश्वरको रूप मानेर विश्वास गरी पूजा गर्ने चलन परापूर्वकालदेखि चलिआएको छ। नेपाली लोकसमुदायले सूर्यलाई देवताको रूपमा विश्वास गरी पूजा गर्ने, विभिन्न ग्रह-नक्षत्र तथा राहु केतुको विश्वास गर्ने, आकाशलाई ईश्वर मानी पूजा गर्ने, चन्द्रमालाई ईश्वर मानी पूजा गर्ने, बुध, शुक्र र बृहस्पति ग्रहलाई ईश्वर मानी पूजा गर्ने परम्परा प्राचीन वैदिक कालदेखि नै चलिआएको पाइन्छ। साथै नेपाली लोकसमुदायले वनस्पति र पशु-पक्षीप्रति विश्वास गर्दै आएका छन्। यसैले वर-पीपल, रूद्राक्ष, तुलसीजस्ता वनस्पतिलाई ईश्वर मानी पूजा गरिन्छ। नेपाली लोकसमुदायमा गाईलाई लक्ष्मीको वाहनका रूपमा विश्वास गरेर पूजा गर्ने चलन छ। गोरुलाई शिवको वाहन, कागलाई शनिदेवको वाहन तथा गरुडलाई विष्णुको वाहन भनेर विश्वास गर्दै पूजा गरिन्छ। नेपाली लोकसमुदायमा नदी-नाला, पहाड-पर्वत, ढुङ्गा-माटो जस्ता प्राकृतिक वस्तुलाई पनि ईश्वर मानेर पूजा गर्ने चलन पाइन्छ। नेपाली लोकसमुदायले डाइनी, बोक्सी, धामी-झाँक्री तथा विविध वस्तु र आत्माप्रति विश्वास गर्दै आएका छन्। साथै यस लोकसमुदायले देवी-देवता शक्ति, शकुन अपशकुन, भविष्यवाणी, जादु, तन्त्र मन्त्र तथा लोकोपचार सम्बन्धी विश्वास गर्दै आएका छन्। यसैले चार्लट सोफिया बर्नद्वारा वर्गीकरण गरिएका यी सबै लोकविश्वास नेपाली लोकसमुदायमा परापूर्वकालदेखि प्रचलित देखिन्छन्।

लोकविश्वासको परिधिभित्र लोकका विश्वास मात्र होइन तर लोकका संस्कार र संस्कृति पनि समाहित हुन्छन्। साथै लोकविश्वासमा धार्मिक, सांस्कृतिक क्रियाकलाप तथा रीतिरिवाज र मूल्य-मान्यता पनि पर्दछन्। यसै कुरालाई ध्यानमा राखी हंसपुरे सुवेदीले लोकविश्वासलाई यसरी पाँच प्रकारमा विभाजन गरेका छन्-

(१)धार्मिक लोकविश्वास- मन्दिर तथा देवी देवता सम्बन्धी, दर्शन, स्पर्शन र पूजापाठ, दानपूण्य, धर्मकर्म आदि।

(२)सांस्कृतिक लोकविश्वास- परम्परागत लौकिक चाल-चलनहरू, जात्रा, पर्व उत्सव र आचार विचार आदि।

(३)आभिचारिक लोकविश्वास- लागो भागो, हेरकोर, जादु टुना, तन्तर-मन्तर, भूतप्रेत, डाइनी, बोक्सी, धामी-झाँक्री इत्यादि।

४.व्यावहारिक लोकविश्वास- लेनदेन, कुराकानी, आवत-जावत, व्यवहार, भनसुन इत्यादि।

५.अन्धविश्वास वा रूढिगत लोकविश्वास- शकुन, अपशकुन, फाप-अफाप, जुरविजुर, गति परिने-राम्रो हुने विषय वा वस्तु इत्यादि।[6]

नेपाली लोकसमुदायले पूजा-पाठ गर्ने, जात्रा पर्व तथा उत्सव मनाउने, भूतप्रेत तथा डायनी बोक्सीप्रति विश्वास गरेर धामी-झाँक्री लगाउने, भनसुन गर्ने तथा शकुन अपशकुनलाई मान्ने परम्परा परापूर्वकालदेखि चलिआएको छ। यसर्थ नेपाली लोकसमुदायमा यी सबै प्रकारका लोकविश्वास पाइन्छन्।

---

[5] CHARLOTTE SOPHIA BURNE, 1914, **THE HANDBOOK OF FOLKLORE**, LONDON SIDGWICK & JACKSON, LTD. Pg.4

[6] हंसपुरे सुवेदी, वि.सं.२०५५, **नेपाली लोकजीवन: लोकविश्वास**, पूर्ववत् पृ २८

## २.रामलाल अधिकारीका निबन्धमा पाइने लोकविश्वासको अध्ययन

निबन्धकार रामलाल अधिकारीका जम्मा पाँचवटा निबन्ध सङ्ग्रह प्रकाशित छन्-

१.**भोकाएको कुकुर के भन्छ?**(वि.सं.२०१९),२.**रविसप्तमी**(सन्१९७३),३.**अलौटा र ठेटना**(सन्१९७६),४.**निसंस्मरण**(सन्१९९५),५.**भैरवको भूत**(सन्२००१)। उनका यी निबन्ध सङ्ग्रहका निबन्धहरूमा नेपाली समाजका लोक-सांस्कृतिक पक्षहरूको यथार्थ चित्रण पाइन्छ। रामलाल अधिकारीका विविध निबन्धमा विभिन्न प्रकारका लोकविश्वास पाइन्छन्। उनका निबन्धमा पाइने लोकविश्वासका विविध प्रकारहरूको अध्ययन अनुसन्धान निम्न उपखण्डरूमा गरिएको छ-

### २.१बोक्सीसम्बन्धी लोकविश्वास

विश्वका कुनै पनि देशका लोकसमुदाय तथा उनीहरूका लोकजीवनमा बोक्सीप्रति लोकविश्वास रहेको पाइन्छ। नेपाली लोकसमुदायले पनि बोक्सी लाग्नु, बोक्सीले ऐठन पार्नु, बोक्सीको मन्त्र सिक्नु जस्ता कुरामा परम्परागत रूपमा विश्वास गर्दै आएका छन्। साधारणत: कसैप्रति रिस उठे आफ्नो टुनामुना तन्तरमन्तर आदि गरी दु:ख दिने, कष्ट वा हानि-नोक्सानी पुऱ्याउने, तन्तरमन्तर जान्ने टुन्याही स्वास्नी मान्छेलाई बोक्सी भन्ने चलन छ। अर्का शब्दमा तराई भेकतिर यिनीहरूलाई डायन भनिएको पनि सुनिन्छ। यिनीहरूका अधिष्ठात्री देवता डाकिनी-शाकिनी, चौसठ्ठी जोगिनी आदि भएको कुरा जान्न सकिन्छ।[7] संसारका सबै क्षेत्र वा भू-भागमा 'बोक्सीवाद वा विचक्र्याफ्ट र शैतानमन्त्रणा वा सेटानिक राइट्स्' इत्यादिको व्यापक प्रचलन भएको पाइन्छ।[8] निबन्धकार रामलाल अधिकारीले उनको निबन्ध 'पीपलका रूख सिंगै उखल्ने स्त्रीहरू'-मा बोक्सीप्रतिको लोकविश्वासलाई यसरी प्रस्तुत गरेका छन्- 'बोक्सी विद्या साधन गर्ने स्त्रीहरू एकान्तमा भेला भएर लामो लेघ्रो तानी गाएजस्तो गरी मंत्र सिक्छन् रे तर तिनले गाएका गीतका गेडा भने अरूले बुझ्दैनन् अरे। यसरी मंत्र -साधन गर्ने भन्दा अलि तल्ला श्रेणीका चाहिँ नजर बोक्सी हुन्छन्। बालककालमा आफ्नो दिसा आफ्नै मुखमा परेको रहेछ भने तिनै पछि नजर बोक्सी हुन्छन्। यस्ताले मंत्र गर्नु पर्दैन, अरूले मीठा कुरा खाएको देखेर थुक मात्रै निले पनि नजर लागिहाल्छ'(निसंस्मरण, पृ ४९)। यसरी प्रस्तुत निबन्धमा नेपाली लोकसमुदायमा प्रचलित बोक्सी सम्बन्धी लोकविश्वासलाई प्रस्तुत गरिएको छ।। यसमा प्रस्तुत स्त्रीहरूले बोक्सीविद्या सिक्नु, मन्त्र सिक्नु, बोक्सीको नजर लाग्नु जस्ता कुरा बोक्सी सम्बन्धी लोकविश्वासका कुरा हुन्।

### २.२ धामी-झाँक्रीसम्बन्धी लोकविश्वास

विश्वका विभिन्न देशका लोकसमुदायले परापूर्वकालदखि धामी-झाँक्रीप्रति विश्वास गर्दै आएका छन्। 'धामी' नेपाली लोकजीवनका निम्ति सुपरिचित शब्द हो। यसका विभिन्न अर्थ हुन सक्छन्। 'धामी' जातिवाचक शब्दका रूपमा छ। धामी, झाँक्री, ओझा, बिजुवा, फेदाङवा, बुङथिंग आदि आ-आफ्नो धर्म, संस्कृति र लोकचलनको आधार अनुसार सम्बोधित छन्।[9] कुनै स्थानका लोकसमुदायमा मानिस बिरामी भएमा त्यस बिरामीलाई धामी-झाँक्री लगाउने परम्परा प्राचीनकालदेखि चल्दै आएको छ। नेपाली लोकसमुदायले पनि परापूर्वकालदेखि धामी-झाँक्रीप्रति विश्वास गरेर बिरामीलाई धामी-झाँक्री लगाएर निको बनाउने चलन चलिआएको छ। यसैले धामी-झाँक्रीले बिरामी निको पार्छन्, भन्ने विश्वास लोकले प्राचीनकालदेखि गर्दै आएका छन्। मानिस बिमारी भए धामी-झाँक्री लगाएर झारफुक गर्ने र बिरामीलाई निको पार्ने परम्परा ग्रामीण क्षेत्रका लोकजीवनमा कायम रहेको छ। रामलाल अधिकारीको 'झाँक्री नाच' निबन्धमा धामी र झाँक्रीले जोखाना हेरेर रोग पत्तो लगाउने कुरामा लोकले विश्वास गर्नु, धामी-झाँक्रीले चिन्ता बसेर सिंहे सिण्डे लागेको भूत-प्रेत लागेको पत्ता लगाउने कुरामा लोकले विश्वास गर्नु, धामी-झाँक्रीले झारफुक गरेर बिरामीलाई निको बनाउने कुरामा लोकले विश्वास गर्नु जस्ता धामी-झाँक्री सम्बन्धी लोकविश्वासका कुरा पाइन्छन्। उनको 'झाँक्री नाच'-निबन्धमा धामी-झाँक्री सम्बन्धी

---

[7] हंसपुरे सुवेदी, वि.सं.२०५५, **नेपाली लोकजीवन: लोकविश्वास**, पूर्ववत् पृ ११७

[8] द्रोणकुमार उपाध्याय पौडेल, वि.सं.२०७४, **लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ**, काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान प्रकाशन, पृ १४७

[9] हंसपुरे सुवेदी, वि.सं. २०५५, **नेपाली लोकजीवन: लोकविश्वास**, पूर्ववत् पृ ९५

लोकविश्वासलाई यस प्रकारले प्रस्तुत गरिएको छ- 'धामीले झारफुक गर्छ। थालमा चामलका गेडा राखी जोर कि बिजोर पार्दै भाग लाएर मधौरूको बेथा खुट्याउँछ। सिंहे-सिण्डे लागेको, अगति परेर मरेकाको छाँया परेको, वनको लागेको, शिशुलाई मोच लागेको आदि स-साना रोग सेरगेम गरेर, धूपौरोमा धूप हाली बरबराउँदै मन्त्र उच्चारण गरेर गुरुको शक्ति र बल मागी झारफुक गरेर यस्ता मधौरूलाई जाती पार्छन्। धामी जस्तै झाँक्री पनि गुरु परम्परामै आधारित हुन्छ, देउता चढेर काम्न थाले त्यस्ता व्यक्तिलाई वाक्के फुटाउन वा देउता उतार्न गुरु झाँक्रीको आवश्यकता पर्छ'(भैरवको भूत, पृ ७८)। प्रस्तुत निबन्धमा धामीले झारफुक गर्नु, सिंहे-सिण्डे लागेको, वनको लागेको पत्ता लगाउनु र मधौरूलाई जाती पार्नु तथा झाँक्रीमा देवता चढेर झाँक्री काम्नु जस्ता कुराहरू धामी-झाँक्री सम्बन्धी लोकविश्वासका कुरा हुन्।

## २.३ देवी-देवतासम्बन्धी लोकविश्वास

लोकले आफ्नो कुल देवता वा अन्य देवी-देवताप्रति विश्वास तथा श्रद्धा भक्ति गर्दै आएका छन्। कुनै पनि देशका लोकसमुदाय तथा लोकजीवनमा देवी-देवताप्रति आस्था, विश्वास, भक्ति तथा श्रद्धा गर्ने चलन परम्परागत रूपमा चलिआएको छ। लोकले देवी-देवतालाई ब्रह्माण्डको सृष्टिकर्ता तथा रक्षकका रूपमा विश्वास गरेर श्रद्धा-भक्ति गर्ने चलन चल्दै आएको छ। यी देवताहरूका प्रतिष्ठापन रोग र स्वास्थ्य, सुख र दु:ख, शान्ति र अशान्ति अनि व्यवसाय आदिसँग सम्बन्ध गाँसेर गरिएको पाइन्छ।[10] निबन्धकार रामलाल अधिकारीले यसै देवी-देवताप्रतिको विश्वासलाई आफ्ना निबन्धमा प्रस्तुत गरेका छन्। उनले उनको निबन्ध 'मार हान्ने कि नहान्ने?'-मा देवी नौ दुर्गा भवानी सम्बन्धी लोकविश्वासलाई प्रस्तुत गरेका छन्। उदाहरण- 'नौ दुर्गाका रूप क्रमैले यसप्रकार छन्- शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धियात्री'(भैरवको भूत, पृ ८३)। प्रस्तुत निबन्धको उदाहरणमा नौ दुर्गा भवानीको नौ-वटा रूप भएको लोकले विश्वास गर्नु देवी नौ दुर्गा भवानी प्रतिको लोकविश्वास हो।

उनको अर्को निबन्ध 'लाञ्छित जाँड रक्सी'-मा कचले मृतसञ्जीवनी विद्या सिक्न शुक्रको घरमा गएको र देवताहरूले रक्सीसित कचको मासु खाएको लोकविश्वासलाई यसरी प्रस्तुत गरिएको छ- 'मृतसञ्जीवनी विद्या सिक्न शुक्रका घरमा पठाइएका कचलाई दानवहरूले मारी देवताहरूलाई गुरु वृहस्पति सहित मताएर कचको मासु पकाई खुवाएको देवगणले थाहापाई मद्यपान गर्नाले बुद्धि भ्रष्ट हुँदो रहेछ भनी तत्पश्चात् देववर्गमा मद्यपान गर्ने प्रथा निषेध भयो भन्ने कुरा छ'(भोकाएको कुकुर के भन्छ? पृ १४)। यसमा प्रस्तुत मृतसञ्जीवनी विद्या सिक्न कचलाई शुक्रका घरमा पठाउनु, दानवहरूले कचलाई मार्नु र रक्सीसित देवताहरूलाई खुवाउनु, देवताहरूले बुद्धि भ्रष्ट भएको थाहा पाउनु र मदपान निषेध गर्नु जस्ता कुरा देवतासित सम्बन्धित लोकविश्वासका कुरा हुन्।

उनले यही 'लाञ्छित जाँड रक्सी'-निबन्धमा मुल्कीले किराँत मुन्धुम फलाक्दा दैविक शक्ति प्रकट भई दैविक शक्तिले मरेको लाशलाई जिउँदो बनाएको लोकविश्वासलाई यसरी प्रस्तुत गरेका छन्- 'किराँतीको एकजना मुल्की हातमा जाँडले भरिएको चिण्डो र घुङरिङको फुर्का लिएर नाँच्दै अघि हिडेको। उनीहरूले दिनभरी मारिएका मानिसका लाशहरू जङ्गलको एउटा ओडारका छेउमा पुऱ्याई बिसाए। मुल्कीले मुन्धुम फलाक्यो। ओडारभित्रबाट तीन बित्ताको पुड्को मान्छे निस्कियो। उसले जाँड र रक्सी दुवै पोङ खायो औ उब्रिएको जुठो जाँड घुङरिङका फुर्काले लाशमाथि छर्क्यो। लाशहरू जऱ्याक् जुरुक उठे'(भोकाएको कुकुर के भन्छ? पृ १०)। यसमा प्रस्तुत मुल्कीले मुन्धुम फलाक्नु, ओडारबाट तीन बित्ताको पुड्को मानिस निस्कनु, उसले जाँड र रक्सी खानु, उब्रिएको जुठो जाँड घुङरिङको फुर्काले लाशमाथि छर्किनु अनि लाशहरू जऱ्याक जुरुक उठ्नु जस्ता कुरा किरात धर्मका देवी-देवतासम्बन्धी लोकविश्वासका कुरा हुन्।

[10] विजय चालिसे, वि.सं.२०६५, **डोटेली लोकसंस्कृति र साहित्य**, ललितपुर, साझा प्रकाशन, पृ ४१

### २.४ भूत-प्रेतसम्बन्धी लोकविश्वास

कुनै पनि जातिका लोकजीवनमा भूत-प्रेतप्रति विश्वास रहेको पाइन्छ। लोकले प्राचीन वैदिक कालदेखि नै भूत-प्रेत र पिशाचप्रति विश्वास गर्दै आएका छन्। मान्छेको मृत्युपछि भूत र प्रेत बन्दछन्, भन्ने लोकविश्वास लोकसमुदायमा पाइन्छ। 'भूत' लोकविश्वास अन्तर्गत पाइने दुस्तत्वहरूमध्ये शक्तिशाली, सम्पन्न र बलवानतत्व मानिन्छ। त्यस्तै 'प्रेत' चाहिँ विपन्न स्थितिको विकल क्षुद्रयोनि विशेष मानिन्छ।[11] पहाडमा विविध प्रकारका भूत पाइन्छन्। जस्तै- मुर्कुट्टो भूत, किचकन्ने भूत, जाबे भूत, कराँसे भूत, नाङ्ले भूत, थाङ्ने भूत, सीये, देवा, राँके भूत र वायु आदि।[12] भूत-प्रेतले जीवित मानिसलाई सताउने, बिमार पार्ने गरेको र धामी-झाँक्रीले भूत-प्रेतलाई मन्साएर पन्साएर बिमारी मानिसलाई निको पार्ने गरेको ग्रामीण क्षेत्रमा देख्न सकिन्छ। निबन्धकार रामलाल अधिकारीले उनको निबन्ध 'झाँक्री नाच' भूत प्रेत सम्बन्धी लोकविश्वासलाई कलात्मक ढङ्गमा यस प्रकारले प्रस्तुत गरेका छन्-' राति भूत-प्रेत, देउ-देउता जाग्रत र शक्तिशाली तथा क्रियाशील रहन्छन्। ..भूत-प्रेत, करबीर मसान, दिनको उज्यालामा निस्तेज हुन्छन्-तिनको शक्ति जागेको नहुनाले झाँक्रीको बोल बिन्ती सुन्दैनन्'(भैरवको भूत, पृ ८०)।

प्रस्तुत निबन्धमा राति भूत-प्रेत जाग्नु र दिनको उज्यालामा भूत-प्रेत, करबीर मसान निस्तेज हुनु जस्ता भूत-प्रेत सम्बन्धी लोकविश्वासलाई प्रस्तुत गरिएको छ। भूत-प्रेत सम्बन्धी लोकविश्वास कुनै पनि देशका लोकजीवनमा प्राचीनकालदेखि नै रहेको छ। विशेष ग्रामीण क्षेत्रका लोकजीवनमा मानिसलाई भूत-प्रेतले सताउने गरेको र धामी-झाँक्रीले निको पार्ने गरेको लोकविश्वासका कुरा पाइन्छन्। निबन्धकार रामलाल अधिकारीले यसै कुरालाई 'झाँक्री नाच' निबन्धमा प्रस्तुत गरेका छन्।

### २.५ स्वर्ग-नर्कसम्बन्धी लोकविश्वास

स्वर्ग-नर्क सम्बन्धी काल्पनिक भावना विश्वका सबै देशका मानिसमा पाइन्छ। मान्छे मरेपछि स्वर्ग-नर्क जाने विश्वास लोकले परम्परागत रूपमा गर्दै आएका छन्। मानिसले धर्म र उचित कार्य गरे स्वर्ग जाने अनि अधर्म र अनुचित कार्य गरे नर्क जाने धारणा लोकमा पाइन्छ। यसैले असल कर्मवाला पुण्यवान व्यक्तिले स्वर्ग प्राप्त गर्छ। त्यहाँ उसको भव्यभवनमा आनन्ददायी वास हुन्छ।[13] त्यहाँ अप्सराहरूले सेवा सुसार गर्छन्। दुष्कर्मवान् व्यक्तिका निम्ति दण्ड वा कर्मभोगका रूपमा विधान गरिएको हो-नरक।[14] निबन्धकार रामलाल अधिकारीले उनका विविध निबन्धमा स्वर्ग-नर्क सम्बन्धी लोकविश्वासलाई प्रस्तुत गरेका छन्। उनको निबन्ध 'मृत्युको आभास'-मा स्वर्ग र नर्क सम्बन्धी लोकविश्वासका कुरा यसरी प्रस्तुत गरिएको छ- 'शास्त्रले वर्णन गरेको मृत्युपछिको स्वर्ग र नर्क त्यही होइन त?'(भैरवको भूत, पृ २)। यसमा प्रस्तुत मृत्युपछिको स्वर्ग र नर्क जस्ता कुरा स्वर्ग र नर्कसम्बन्धी लोकविश्वासका कुरा हुन्।

यसरी नै उनको अर्को निबन्ध 'आकाशवाणी- दूरभाष उर्फ कर्ण फुस् फुस्'-मा स्वर्ग र मर्त्यलोकप्रतिको लोकविश्वास यसरी प्रस्तुत गरिएको छ-'सत्ययुगमा अदृश्य शक्ति, व्यक्ति वा देवताहरू आकाश(स्वर्ग)मा लुकेर टाढासम्म सुनिने गरी ठूलो स्वरमा बोल्ने गरेको वर्णन पाइन्छ। तिनको स्वर, आवाज वा वाणी मर्त्यलोकमा सुनिए पनि वक्ता अदृश्य नै रहन्थे'(भैरवको भूत, पृ ५५)। यसमा प्रस्तुत सत्ययुगमा देवताहरू स्वर्गमा लुक्नु अनि तिनले बोलेको स्वर मर्त्यलोकमा सुनिनु जस्ता कुरा स्वर्ग नर्क सम्बन्धी लोकविश्वासका कुरा हुन्।

यसरी निबन्धकार रामलाल अधिकारीले उनका विविध निबन्धमा स्वर्ग र नर्क प्रतिको लोकविश्वास प्रस्तुत गरेका छन्। उनका निबन्धमा स्वर्ग सम्बन्धित पौराणिक विषयवस्तु प्रस्तुत गरिएको पाइन्छ। साथै नर्क सम्बन्धी मृत्यु तथा मर्त्यलोकलाई प्रस्तुत गरिएको पाइन्छ।

---

[11] हंसपुरे सुवेदी, वि.सं.२०५५, **नेपाली लोकजीवन : लोकविश्वास**, पूर्ववत् पृ १७०

[12] जनकलाल शर्मा, वि.सं.२०७५, **हाम्रो समाज एक अध्ययन**, काठमाडौं, मञ्जरी पब्लिकेशन, पृ १६०

[13] हंसपुरे सुवेदी, वि.सं.२०५५, **नेपाली लोकजीवन : लोकविश्वास**,पूर्ववत् पृ ४०

[14] हंसपुरे सुवेदी, वि.सं.२०५५, **नेपाली लोकजीवन : लोकविश्वास**, पूर्ववत् पृ ४२

### २.६ जोखाना सम्बन्धी लोकविश्वास

कुनै पनि क्षेत्रका लोक वा लोक समुदायले प्राचीनकालदेखि नै जोखाना हेर्ने र हेराउने चलन चल्दै आएको छ। धामी-झाँक्रीद्वारा जोखाना हेराएर मानिसलाई भूत-प्रेत, बोक्सी, पिसाच लागेको तथा ग्रहदशा लागेको पत्ता लगाउन सकिन्छ, भन्ने लोकविश्वास विश्वका विभिन्न लोकसमुदाय तथा लोकजीवनमा पाइन्छ। धामी-झाँक्रीले परापूर्व कालदेखि लोकले मानिल्याएका लागो, भूत, प्रेत, पिशाच, बोक्सी, डङ्किनी आदि अवाञ्छित तत्त्वहरूलाई मनाएर, धपाएर जनकल्याणकारी लोकपरम्परालाई धानी ल्याएका छन्।[15] यसैले नेपाली लोकसमुदायमा बिरामीलाई विविध प्रकारका धामी-झाँक्री लगाउने परम्परा कायमै रहेको देखिन्छ। निबन्धकार रामलाल अधिकारीले उनको 'झाँक्री नाच' निबन्धमा नेपाली लोकसमुदायमा प्रचलित धामी-झाँक्रीद्वारा जोखाना हेराउने परम्परा तथा जोखाना सम्बन्धी लोकविश्वासलाई यस प्रकारले प्रस्तुत गरेका छन्- 'धामीले दिनका उज्यालामा नै जोखाना हेरी, मधौरूको नाडी छामी रोगको पत्ता लाउँछन् भने अलिक कडा रोगहरू पुतला गाडेको उखेल्नु, खड्गो काट्नु आदिका निम्ति झाँक्रीकै आवश्यकता पर्छ र यसका निम्ति तिनले ढोल-ढ्याङ्ग्रो सामा-सर्दामसहित चिन्ता बस्नु पर्छ। दिनका उज्यालोमा चिन्ता बँसिदैन। चिन्ता बस्न रातको अन्धकारकै आवश्यकता पर्छ। .. धामीले जोखाना हेर्दा ती सचेत र होशसहित हुन्छन् भने झाँक्री आफ्नो थान-थपना अगि चिन्ता बस्न थालेपछि देवी-देउतालाई पुकारेर बरबराएपछि तिनलाई आफ्ना जिउमा चढाएपछि काम्न थाल्छन् र आफू चाहिँ बेहोस हुन्छन्। यस्ता अवस्थामा तिनले खुट्याएका जोखाना केही बेरपछि ती आफैँलाई थाहा सम्झना नहुने हुनाले ढोल-ढ्याङ्ग्रे वा धूपौरेले घरपति तर्फकालाई व्याख्या गरिदिनु पर्छ'(भैरवको भूत, पृ ७९)।

यसरी प्रस्तुत निबन्धमा धामीले दिनका उज्यालामा जोखाना हेरी मधौरू वा बिमारीको नाडी छामेर रोग पत्ता लगाउने अनि झाँक्रीले भने रातका अन्धकारमा चिन्ता बसेर जोखाना हेर्ने कुरोलाई प्रस्तुत गरिएको छ। प्रस्तुत निबन्धमा उल्लेखित धामी र झाँक्रीले जोखाना हेरी मानिसका रोग पत्ता लगाउनु जस्ता कुरा जोखाना सम्बन्धी लोकविश्वासका कुरा हुन्।

### २.७ सपना सम्बन्धी लोकविश्वास

सपना सबै मानिसले देख्ने गर्छन्। निद्रामा देखिएको सपनाको फल जागृत अवस्थामा पुरा हुन्छ, भन्ने विश्वास लोकले गर्दै आएका छन्। सपनाको फलबारे स्वप्नशास्त्रमा पनि वर्णन गरिएको पाइन्छ। लोकले प्राचीनकालदेखि नै सपनाबारे विश्वास गर्दै आएका छन्। सपनाको फल शुभ अशुभ दुवै प्रकारको हुने कुराको विश्वास लोकले गरेका छन्। सपनाका विविध प्रकार पाइन्छन्। ती हुन्- अन्यार्थ, यथार्थ, अपार्थ। जुन सपनाको फल तुरुन्त प्राप्त हुन्छ-त्यो अन्यार्थ स्वप्न हो। त्यस्तै जुन सपनामा देवी-देवता आदि मार्फत् भविष्य सूचक सन्देश दिन्छन्- त्यो यथार्थ स्वप्न हो, अनि गाढा अनुभव र चिन्ता आदिको कारणबाट देखिने सपना अपार्थ हो।[16] नेपाली लोकसमुदायमा सपनाको शुभ र अशुभ फल सम्बन्धी विश्वास रहेको छ। निबन्धकार रामलाल अधिकारीले उनको 'मार हान्ने कि नहान्ने?' निबन्धमा अशुभ सपनासम्बन्धी लोकविश्वासलाई प्रस्तुत गरेका छन्। उदाहरण- 'सपनामा भैंसी देख्नु, भैंसीले खेद्नु शकुनौति र स्वप्न विचार अनुसार अपशकुन मानिन्छ। आज त्यसले हान्नु वा हिलामा पछार्नु अवश्यै पनि मृत्युको पूर्व सूचना हो भन्ने हाम्रो परम्परागत विश्वास छ'(भैरवको भूत, पृ ८५)। उनले उनको अर्को निबन्ध 'मृत्युको आभास' -मा अशुभ सपनासम्बन्धी लोकविश्वासलाई यसरी प्रस्तुत गरेका छन्- 'रमाइलो सपना स्वर्ग हो र विरमाइलो दु:स्वप्न देखिनु नर्कमा पर्नु हो'(भैरवको भूत, पृ ४)।

निबन्धकार रामलाल अधिकारीका प्रस्तुत निबन्ध 'मार हान्ने कि नहान्ने?'-मा वर्णन गरिएको सपनामा भैंसी देख्नु, भैंसीले खेद्नु जस्ता कुरालाई अपशकुन मान्नु र सपनामा भैंसीले हिलामा पछार्नु जस्ता कुरालाई मृत्युको पूर्वसूचनाका रूपमा विश्वास गर्नु सपनासम्बन्धी

[15] द्रोणकुमार उपाध्याय पौडेल, वि.सं.२०७४, **लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ**, पूर्ववत् पृ १५१

[16] हंसपुरे सुवेदी, वि.सं.२०५५, **नेपाली लोकजीवन : लोकविश्वास**, पूर्ववत् पृ ३२

लोकविश्वासका कुरा हुन्। यसरी नै उनको अर्को निबन्ध 'मृत्युको आभास'-मा रमाइलो सपना देख्नु स्वर्ग हुनु र विरमाइलो दुःस्वप्न देख्नु, नर्कमा पर्नु हो जस्ता कुरा सपनासम्बन्धी लोकविश्वासका कुरा हुन्।

### २.८ प्रार्थना सम्बन्धी लोकविश्वास

कुनै पनि स्थानका मानिसले देवी-देवता र ईश्वर प्रति विश्वास गर्ने र यिनीहरू सँग प्रार्थना गरेर वरदान माग्ने परम्परा प्राचीनकालदेखि चलिआएको छ। प्राचीन धर्मग्रन्थहरूमा विभिन्न देवी देवताको उल्लेख पाइन्छ। ऋग्वेदमा सर्वप्रथम देवी वा शक्तिको उल्लेख पाइन्छ। ऋग्वेदका ऋचाहरूमा वर्णित देवीहरू कुनै निश्चित तत्त्वका रूपमा नभई प्रकृतिकै कुनै शान्त र सुन्दर रूपमा वर्णन गरिएको पाइन्छ। ऋग्वेदमा सरस्वतीलाई बल, ज्ञान, ऐश्वर्य र अन्न आदि प्रदान गर्ने देवीका रूपमा चित्रण गर्दै उनी सबैलाई पवित्र बनाउने देवी हुन् भनिएको छ।[17] यसैले लोकले परापूर्वकालदेखि विभिन्न देवी-देवताको प्रार्थना गरेर वरदान माग्ने परम्परा कायमै रहेको छ। आफ्नो मनोकांक्षा पूर्ति र सिद्धिप्राप्तिका लागि लोकले ईश्वरको प्रार्थना गर्ने चलन छ। कुनै क्षेत्रका लोक वा लोकसमुदायले ईश्वरको प्रार्थना गरेर वरदान मागेपछि आफ्नो प्रार्थना सफल विफल भएको विश्वास गर्दछन्। निबन्धकार रामलाल अधिकारीले उनको निबन्ध 'गीत र भजन'-मा नेपाली लोकसमुदायमा प्रचलित प्रार्थना सम्बन्धी लोकविश्वासलाई यसरी प्रस्तुत गरेका छन्- 'प्रार्थनामा आफ्ना इष्ट देवताको स्तुतिसँगसँगै आफूलाई वा आफन्तका निम्ति कुनै न कुनै वस्तु कामना गरिएको वा मागिएको हुनाले यो काम निष्काम नभएर सकाम हुने गर्छ।

यथा-

अज्ञानी छौं यै छ बिन्ती बिसाइ।

देऊ विद्या शारदे हामीलाई'(भैरवको भूत, पृ ७७)

प्रस्तुत निबन्धमा प्रार्थनामा आफ्ना इष्ट देवताको स्तुति गरेर कुनै वस्तु माग्नाले त्यो पुरा हुने लोकविश्वासलाई प्रस्तुत गरिएको छ। साथै यसमा अज्ञानीले शारदा देवीलाई विद्या पनि मागेको कुरालाई पनि प्रस्तुत गरिएको पाइन्छ। यी सबै प्रार्थना सम्बन्धी लोकविश्वासका कुरा हुन्।

### २.९ पशु-पक्षी सम्बन्धी लोकविश्वास

लोकले परम्परागत रूपमा परापूर्वकालदेखि विभिन्न पशु-पक्षीलाई विभिन्न देवी-देवताको तथा भूत-प्रेत र राक्षसको वाहनका रूपमा विश्वास गर्दै आएका छन्। निबन्धकार रामलाल अधिकारीले नेपाली लोकसमुदायले गर्ने पशु-पक्षी सम्बन्धी विश्वास उनका निबन्धमा प्रस्तुत गरेका छन्। उनले उनको 'मार हान्ने कि नहान्ने?' निबन्धमा पशु-पक्षी सम्बन्धी लोकविश्वास प्रस्तुत गरेका छन्। उदाहरण-'दुर्गाको बाहन बाघ हो भने चामुण्डाको वाहन प्रेत हो र त्यसै गरी वाराहीको भैंसी, ऐन्द्रीको ऐरावत हात्ती, वैष्णवीको गरुड, महेश्वरीको साँढ, कौमारीको मयूर, ब्राह्मीको सेतो हाँस आदि हुन्'(भैरवको भूत, पृ ८४)। यसमा प्रस्तुत दुर्गाको वाहन बाघलाई मान्नु, वाराहीको वाहन भैंसीलाई मान्नु, ऐन्द्रीको वाहन ऐरावत हात्तीलाई मान्नु, वैष्णवीको वाहन गरूडलाई मान्नु, महेश्वरीको वाहन साँढलाई मान्नु, कौमारीको वाहन मयूरलाई मान्नु, ब्राह्मीको वाहन सेतो हाँसलाई मान्नु पशु-पक्षीसम्बन्धी लोकविश्वासका कुरा हुन्।

उनको अर्को निबन्ध 'पीपलका रूख सिंगै उखेल्ने स्त्रीहरू'-मा बोक्सीको वाहन कालो बिरालो हो, भन्ने लोकविश्वास प्रस्तुत गरिएको छ। उदाहरण- 'बोक्सीको वाहन बिरालो रहेछ, खास गरी कालो रंगको बिरालो। बिरालालाई हेयार्थमा छौंडा भनिन्छ। त्यसमा

[17] माधवप्रसाद लामिछाने, वि.सं.२०७३, **नेपाली समाजमा तन्त्रपरम्परा**, काठमाडौं, नेपाल प्रज्ञा-प्रतिष्ठान प्रकाशन, पृ ८७

चढेर वा त्यसकै रूप लिएर बोक्सीहरू राति अरूका घरमा पस्छन्’(निसंस्मरण, पृ ५०)। यसमा प्रस्तुत कालो बिरालोलाई बोक्सीको वाहन भनेर विश्वास गर्नु पशु बिरालो सम्बन्धी लोकविश्वासका कुरा हुन्।

### २.१० वनस्पति वा उद्भिद सम्बन्धी लोकविश्वास

विश्वका विभिन्न क्षेत्रका लोकसमुदायले बोट-विरूवा वा वनस्पति प्रति विश्वास गर्दै आएका छन्। नेपाली लोकसमुदायले पनि वर-पिपल, तुलसी, कमलको फूल, चन्दन, बेल आदि जस्ता बोट बिरूवा प्रति परम्परागत रूपमा विश्वास गर्दै आएका छन्। निबन्धकार रामलाल अधिकारीले उनको ‘पीपलका रूख सिंगै उखेल्ने स्त्रीहरू’ निबन्धमा नेपाली लोकसमुदायमा प्रचलित वनस्पति सम्बन्धी लोकविश्वासलाई प्रस्तुत गरेका छन्। उदाहरण-‘हिन्दु धर्ममा वर र पीपललाई विष्णु-लक्ष्मीको अवतार मान्ने चलन छ। सती वृन्दाका श्रापले गर्दा विष्णु-लक्ष्मीले मर्त्यलोकमा जड भएर उम्रिनु परे पनि तिनको बिहे नौमती बाजा बजाएर मान्छे झैँ गरिदिने चलन पनि छ’(निसंस्मरण, पृ ५०)। यसमा प्रस्तुत वर र पिपललाई लोकले विष्णु र लक्ष्मीको अवतार मान्नु, सती वृन्दाका श्रापले विष्णु र लक्ष्मी मर्त्यलोकमा वर र पिपलको रूपमा जड भएर उम्रिनु जस्ता कुरा उद्भिद वर र पिपल सम्बन्धी लोकविश्वासका कुरा हुन्।

### २.११ शकुन अपशकुन सम्बन्धी लोकविश्वास

कुनै पनि क्षेत्रका लोकसमुदायमा शकुन अपशकुन सम्बन्धी लोकविश्वास परम्परागत रूपमा रहेको छ। नेपाली लोकजीवनको तहलाई हेर्दा शकुन-अपशकुनको विश्वास प्रगाढ देखापर्छ।[18] नेपाली लोकसमुदायमा विविध विषय, वस्तु, प्राणी र स्थानप्रति शकुन अपशकुन मान्ने चलन छ। निबन्धकार रामलाल अधिकारीले उनका निबन्धमा नेपाली लोकसमुदायमा प्रचलित शकुन अपशकुन सम्बन्धी लोकविश्वासलाई प्रस्तुत गरेका छन्। उनले उनको ‘हाम्रा आशिशहरू: ढोगभेटहरू’-नामक निबन्धमा नेपाली लोकसमुदायमा पाइने शकुन सम्बन्धी लोकविश्वास यसरी प्रस्तुत गरेका छन्-‘आज लाइएको टीको भोलि बिहान उठ्दासम्म निधारमा अडिएर रहिरहनु शुभ शकुन मानिन्छ’(भैरवको भूत, पृ ९४)। यसमा आज लाइएको टीका भोलि बिहान सम्म निधारमा अडिएमा शुभ शकुन मान्नु शकुन सम्बन्धी लोकविश्वास हो।

उनको अर्को निबन्ध ‘गीत र भजन’-मा नेपाली लोकसमुदायमा पाइने अपशकुन सम्बन्धी लोकविश्वासलाई यस प्रकारले प्रस्तुत गरिएको छ- ‘बिहान उठ्ने बित्तिकै कुनै अशुभ कुरो देखेमा वा सुनेमा अपशकुन वा लोधर भन्ने लोकविश्वास छ’(भैरवको भूत, पृ ७४)। यसमा बिहान उठ्ने बित्तिकै कुनै अशुभ कुरा देखेमा वा सुनेमा लोधर वा अपशकुन मान्नु अपशकुन सम्बन्धी लोकविश्वास हो।

## ३.निष्कर्ष

निबन्धकार रामलाल अधिकारीले उनका विविध निबन्धमा विभिन्न प्रकारका लोकविश्वासका प्रसङ्ग प्रस्तुत गरेका छन्। उनका निबन्धमा बोक्सीसम्बन्धी लोकविश्वास, धामी-झाँक्री सम्बन्धी लोकविश्वास, देवी-देवतासम्बन्धी लोकविश्वास, भूत-प्रेत सम्बन्धी लोकविश्वास, स्वर्ग-नर्कसम्बन्धी लोकविश्वास, जोखाना सम्बन्धी लोकविश्वास, प्रार्थना सम्बन्धी लोकविश्वास, पशुपक्षी सम्बन्धी लोकविश्वास, वनस्पति सम्बन्धी लोकविश्वास, शकुन अपशकुन सम्बन्धी लोकविश्वास आदि लोकविश्वास पाइन्छन्। उनले उनका निबन्धमा दार्जीलिङका ग्रामीण क्षेत्र तथा चिया कमानमा प्रचलित लोकविश्वासलाई प्रस्तुत गरेका छन्। उनका निबन्धमा लौकिक अलौकिक दुवै प्रकारका लोकविश्वास पाइन्छन्।

रामलाल अधिकारीका निबन्धमा नेपाली लोकसमुदायले परापूर्वकालदेखि विविध विषयवस्तुप्रति गर्दै आएका लोकविश्वासको प्रस्तुति पाइन्छ। उनका निबन्धमा पाइने लोकविश्वासले नेपाली जातिका परम्परागत मूल्य-मान्यता तथा धार्मिक आस्था र संस्कारको यथार्थ चित्रण

[18] हंसपुरे सुवेदी, वि.सं.२०५५, **नेपाली लोकजीवन : लोकविश्वास**, पूर्ववत् पृ २८

गरेको देखिन्छ। नेपाली समाजमा भूत-प्रेत, बोक्सी, धामी-झाँक्री, देवी-देवता तथा प्राकृतिक विषयवस्तु र शक्तिप्रति के कस्ता विश्वास रहेको छ भन्ने कुरालाई उनका निबन्धमा कलात्मक रूपमा प्रस्तुत गरिएको छ। रामलाल अधिकारीका निबन्धमा लोकविश्वासका साथ साथै लोकसंस्कृति र लोकसंस्कारको पनि कलात्मक प्रस्तुति पाइन्छ। उनका निबन्धले नेपाली लोकजीवन र लोकसंस्कृतिको यथार्थ दर्पण प्रस्तुत गरेका छन्। उनका निबन्धमा पाइने लोकविश्वासले नेपाली लोकसंस्कृतिको ढुकुटी भरेको देखिन्छ। यसर्थ उनका निबन्धमा पाइने नेपाली लोकविश्वासका विविध प्रकारको अध्ययन अनुसन्धानद्वारा नेपाली लोकसंस्कृतिको संरक्षण गर्न सकिन्छ।

## ४. सन्दर्भग्रन्थ सूची

### नेपाली पुस्तक

१.अधिकारी रामलाल, वि.सं.२०१९, **भोकाएको कुकुर के भन्छ?**, दार्जीलिङ, परमानन्द शर्मा प्रकाशक।

२.अधिकारी रामलाल, सन् १९७३, **रविसप्तमी**, दार्जीलिङ, श्रीराज प्रकाशन।

३.अधिकारी रामलाल, सन् १९७६, **अलौटा र ठेटना**, दार्जीलिङ, अचला भगवती प्रकाशन।

४.अधिकारी रामलाल, सन् १९९५, **निसंस्मरण**, गान्तोक, श्रीमती दिलकुमारी भण्डारी प्रकाशिका।

५.अधिकारी रामलाल, सन् २००१, **भैरवको भूत**, सिक्किम, मेसर्स प्रिन्टेड प्रकाशक।

६.चालिसे विजय, वि.सं.२०६५, **डोटेली लोकसंस्कृति र साहित्य**, ललितपुर, साझा प्रकाशन।

७.दिवस तुलसी, वि.सं.२०३५, **प्रदर्शनकारी धिमाल लोक-संस्कृति**, काठमाडौं, ने रा प्र प्र प्रकाशन।

८.पराजुली कृष्णप्रसाद, वि.सं.२०६४, **नेपाली लोकगीतको आलोक**, काठमाडौं, रत्न पुस्तक भण्डार प्रकाशन।

९.पराजुली मोतिलाल, वि.सं.२०६० **नेपालमा प्रचलित नृत्य र नृत्य नाटिकाहरू**, ललितपुर, साझा प्रकाशन।

१०.पौड्याल वीणा र अन्य, वि.सं.२०७४, **चाडपर्वको घर नेपाल**, काठमाडौं, नेपाल प्रज्ञा- प्रतिष्ठान प्रकाशन।

११.पौड्याल द्रोणकुमार उपाध्याय, वि.सं.२०७४, **लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ**, काठमाडौं, नेपाल प्रज्ञा-प्रतिष्ठान प्रकाशन।

१२.बन्धू चूडामणि, वि.सं.२०२८, **कर्णाली लोक संस्कृति**, काठमाडौं, ने रा प्र प्र प्रकाशक।

१३.बन्धु चूडामणि, वि.सं. २०५८, **नेपाली लोक साहित्य**, काठमाडौं, एकता बुक्स प्रकाशन।

१४.लामिछाने मनोहर, वि.सं.२०६७, **लोकसाहित्य र संस्कृतिका केही पाटाहरू**, ललितपुर, साझा प्रकाशन।

१५.लामिछाने माधवप्रसाद, वि.सं.२०७३, **नेपाली समाजमा तन्त्रपरम्परा**, काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान प्रकाशन।

१६.सिहं स्थिर जङ्गबहादुर, वि.सं.२०२८, **कर्णाली लोक संस्कृति**, काठमाडौं, ने रा प्र प्र प्रकाशन।

१७.सुवेदी हंसपुरे, वि.सं.२०५५, **नेपाली लोकजीवन: लोकविश्वास**, काठमाडौं, साझा पुस्तक प्रकाशन।

१८.शर्मा जनकलाल, वि.सं.२०७५, **हाम्रो समाज : एक अध्ययन**, काठमाडौं, मञ्जरी पब्लिकेशन।

## अङ्ग्रेजी पुस्तक

1.BURNE CHARLOTTE SOPHIA, 1914, **THE HANDBOOK OF FOLKLORE,** LONDON SIDGWICK & JACKSON LTD.

2.DORSON, RICHARD M, 1972, **FOLKLORE AND FOLKLIFE STUDY, London University of Chicago press.**